## पर्वत

घरभित्र पनि सिरान तला उक्लिँदा
डाँडा-डाँडा अग्लो डिल भरेङको प्रायःजसो म उक्लिन्छु ।
आजकल सपनामा सधैँ म पर्वत चढिरहेको हुन्छु

जो झुक्तैनन् जति डाँडाहरु, पहाडहरु
टेक्दै झुकाउँछु खुट्टाले प्रत्येक पाइलाको संघारमाथि
मेरो सडकमाथि

उफ् ! भाँच्चिएर लडिदिन्छन्
हिमालयका ढाडहरु..........
आहाल आहाल रात छादेर मेरो सडकमाथि !

आकासका  भित्ता-भित्ता ठोकिदै बजारिन्छ
प्रतिध्वनिको बज्र-
दौडदै गरेको रेलको छप्परमाथि मूलसडकमाथि !
ऐनाको चोइटाले थापेका रगतका टुक्राभित्र
डिब्बा-डिब्बा किच्चिएका

जिन्दगीका क्षणहरु ...
भाँच्चिएका रेलको लीकमाथि

दन्दनाउँदो आगोको मुस्लोभित्र
म बटुल्दछु म बोक्दछु ....
गोजिभित्र अनि काँधमाथि  !

धेरै नानीहरुलाई स्कूलसम्म पुऱ्याएर
धेरै छोराहरुलाई सीमान्तको मोर्चासम्म पुऱ्याएर
धेरै बाबुहरुलाई अड्डादेखि घरसम्म फर्काएर
अब त थाकिसकेको बाटाहरु

अब त दुर्घटनामा टुक्रिएका सडकहरु
हो, यी सब सडकहरु
मैले मेरो काँधमाथि बोकेको छु
मेरो कुम्भकर्णको काँधमाथि जिन्दगीको लास बोकेको छु !

मेरो काँधमाथिबाट
मेरा प्रेमको घनत्व र आस्थाको उत्तापले
पाकेको जिन्दगीको लास

चोइटा-चोइटा किरणहरुमा चोइटिएर खस्तछ
यौटा-यौटा बरदान बोकि उज्यालोमा छ्यापिदै खस्तछ

मेरो प्रत्येक पाइलाभित्र : मेरो सडकमाथि !
आँखा खस्तछ : यौटा रात सकिन्छ
अर्को आँखा खस्तछ : फेरि अर्को रात सकिन्छ
पैताला खस्तछ : एक खुट्टा बाटो भरिन्छ
पञ्जा खस्तछन् : पृथ्वीदेखि आकाशसम्म पुल टाँगिन्छ
दुई हात अँगालो खस्तछ :
असीमित आयतनमा धरतीमाथि
अनि इतिहासमा फेरि यौटा अर्को फाटक उघ्रिन्छ !

फाटकको निधारभरि
मानिसको जानकारीका निम्ति
धूपिको सिन्के पातहरुका माझमाझ
हाँगाको आँख्ला-आँख्लाका आँखाहरुका अक्षरमा
समयले दौडी आएर लेखिदिन्छ : सूचनाका केही पंक्तिहरु

स्वातग छ ------पर्वतारोहीलाई,
कलिला-कलिला पैतालालाई,
प्रत्येक जिन्दगीलाई !

अब प्रत्येक मान्छेले शुरु गरुन्
आआफ्नो यात्रा फेरि यहाँबाट,
यस फाटकबाट !
सूर्यलाई भरीकन

तेस्रो आँखाको ठूलो घुम्ने बल्बभित्र
उत्तानो समुद्रलाई दुवै हातमा टेकिदिएर
उभ्भिएको फाटकको टाङमुनिबाट
शार्क र ह्वेलको मत्स्य-आक्रमणबाट
तारातारी सामुद्रिक डाँकुहरुका लूटपीटबाट
धनमाल र बचाएर जहाजलाई
अनि औँलामा उचालेर गोवर्द्धन

आफैँ पनि यस फाटकबाट
आजकल सपनामा सधैँ म पर्वत चढिरहेको हुन्छु !

आजकल सपनामा सधैँ
म पर्वत चढिरहेको हुन्छु !